नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय कमिटी/Central Committee

मिति : २०८१/०५/१६

# उप निर्वाचनसम्बन्धी परिपत्र

क. अध्यक्ष
सबै जिल्ला कमिटी ।

विषय :- स्थानीय तहको उप निर्वाचन सम्बन्धमा ।

निर्वाचन आयोगबाट प्राप्त जानकारीअनुसार विभिन्न कारणले रिक्त रहेका स्थानीय तहका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यहरूको २०८१ मङ्सिरको तेस्रो हप्तामा उप निर्वाचन हुन लागेको र सो निर्वाचनमा हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) ले आफ्नो उम्मेदवार खडा गरी विजय प्राप्त गर्नुपर्ने महत्वपूर्ण दायित्व पूरा गर्नका लागि यो परिपत्र जारी गरिएको छ ।

यस कार्यलाई व्यवस्थित तयारी गर्न २०८१/०५/१३ गते सम्पन्न पार्टीको केन्द्रीय कमिटीको प्रथम पूर्ण बैठकबाट वरिष्ठ उपाध्यक्ष क.राजेन्द्रप्रसाद पाण्डेको संयोजकत्वमा भरखरै नव निर्वाचित उपाध्यक्षहरू, उपमहासचिवहरू, सचिवहरु, कानुन व्यवसायी तथा पोलिटब्युरो सदस्य समेतको उपनिर्वाचन २०८१, परिचालन कमिटी गठन भएको छ । उक्त कमिटीको बैठक २०८१/०५/१६ गते प्रथम बैठक बसी निर्वाचन तयारी सम्बन्धी निम्नअनुसार कार्यक्रम र जिम्मेवारी तय गरिएको छ ।

१.**विशेष जिम्मा** - ७ वटै प्रदेशमा रिक्त रहेको स्थानीय तहका विभिन्न पदमा आवश्यक कार्ययोजना बनाउन र हाम्रो पार्टीलाई विजय गराउन निम्न अनुसार कमरेडहरूलाई जिम्मा दिइएको छ :

| | | |
|---|---|---|
| कोशी प्रदेश | - | उपाध्यक्ष क. जगन्नाथ खतिवडा |
| मधेश प्रदेश | - | उपाध्यक्ष क.धर्मनाथ शाह |
| बागमती प्रदेश | - | उपाध्यक्ष क.डा.गंगालाल तुलाधर |
| गण्डकी प्रदेश | - | सचिव क.श्रीनाथ बराल |
| लुम्बिनी प्रदेश | - | उपमहासचिव क.मेटमणि चौधरी |
| कर्णाली प्रदेश | - | उपाध्यक्ष क. प्रकाश ज्वाला |
| सुदूरपश्चिम प्रदेश | - | उपाध्यक्ष क. भानुभक्त जोशी |

२. **उपसमिति गठन सम्बन्धमा** :- निर्वाचन तयारीका सम्बन्धमा आवश्यक कार्य गर्न प्रदेश अध्यक्ष, सचिव, जिल्ला इन्चार्ज, सहइन्चार्ज र जिल्ला अध्यक्ष रहेको उपनिर्वाचन तयारी उपसमिति गठन गर्ने निर्णय गरिएको छ । यस उप समितिमा अन्य आवश्यक कमरेडहरूलाई थप गर्न पनि सकिने छ । जिम्मेवारी पाउनु हुने कमरेडहरूले ७ दिन भित्र उक्त उपसमितिको बैठक बसाइ आवश्यक कार्ययोजना निर्माण गरी अगाडि बढ्न यो परिपत्र मार्फत निर्देशन गरिएको छ ।

**३.** निर्वाचन आयोगले निर्वाचन हुने मिति घोषणा गर्नु अघिसम्म हालको मतदाता सूचीमा नाम नभएकाहरुको नाम समावेश गर्न पाइने हुँदा तुरुन्त यस कामका लागि जिल्ला निर्वाचन कार्यालयमा सम्पर्क गरी मतदाता सूचीमा हाम्रो पार्टी समर्थकहरूको नाम समावेश गराउन ध्यान दिनु पर्ने छ ।

**४.** विगत संसदीय निर्वाचनमा प्रयोग भएको मतदाता नामावली पार्टी कार्यालय वा पार्टीका जिम्मेवार कमरेडहरूको साथमा हुन सक्छ तत्काल सोको अध्ययन गरी सूचीमा नाम समावेश गराउने विषयमा ध्यान दिनु हुनेछ ।

५.निर्वाचनको तयारीका सम्बन्धमा निम्न कार्यहरू गरि पार्टी केन्द्रलाई जानकारी गराउनु निर्देशन गरिन्छ :
क) निर्वाचन हुने स्थानीय तहमा हाम्रो पार्टीको अवस्था र वस्तुस्थितिको कस्तो छ ?
ख) निर्वाचनमा खडा गरिने उम्मेदवारको खोजी र घोषणा साथै निर्वाचनमा अन्य पार्टीसँग तालमेल हुन सक्ने अवस्था छ छैन ? त्यसको तथ्य परक विश्लेषण गरि पठाउने ।
ग) निर्वाचन केन्द्रित (दशैं, तिहार, छठ आदि) कार्यक्रम गरी जनता माझ पार्टीलाई पुर्‍याउने ।
घ) निर्वाचन तयारीसम्बन्धी अन्य आवश्यक तयारी गर्ने ।

६. पार्टीको तर्फबाट निर्वाचन आयोगमा समन्वय गर्न संयोजक तथा पार्टीका वरिष्ठ उपाध्यक्ष क.राजेन्द्र प्रसाद पाण्डे र उपमहासचिव क.रामकुमार भट्टराईलाई जिम्मा दिइएको हुँदा निर्वाचन तयारीसम्बन्धी कुनै समस्या देखा परेमा क.राजेन्द्रप्रसाद पाण्डे ( ९८५१०२९२०१) र क.रामकुमार भट्टराई (९८५५०२३००५) लाई सम्पर्क गर्नुहुन अनुरोध छ ।

घनश्याम भूसाल
महासचिव

**उपनिर्वाचन हुने स्थानहरु**

| क.स | प्रदेश | जिल्ला | रिक्त पद | स्थानीय तहको नाम | वडा न. |
|---|---|---|---|---|---|
| १ | कोशी | झापा | वडा अध्यक्ष | कन्काई न.पा | ६ |
| २ | | मोरङ | अध्यक्ष | ग्रामथान गा.पा | – |
| ३ | | तेर्हथुम | वडा अध्यक्ष | लालीगुराँस न.पा | ८ |
| ४ | | सुनसरी | वडा अध्यक्ष | गढी गा.पा | ६ |
| ५ | | ओखलढुंगा | वडा अध्यक्ष | मेलुङ गा.पा | ५ |
| ६ | | उदयपुर | वडा अध्यक्ष | त्रियुगा न.पा | १२ |
| ७ | | | वडा अध्यक्ष | बेलका न.पा | ८ |
| ८ | मधेश | सप्तरी | वडा अध्यक्ष | डाक्नेश्वरी न.पा | ४ |
| ९ | | रौतहट | वडा अध्यक्ष | इशनाथ न.पा | ७ |
| १० | | | वडा अध्यक्ष | राजपुर न.पा | ६ |
| ११ | | | वडा अध्यक्ष | गढीमाई न.पा | ८ |
| १२ | बागमती | दोलखा | उपध्यक्ष | गौरीशंकर गा.पा | – |
| १३ | | काठमाडौं | प्रमुख | किर्तिपुर न.पा | – |
| १४ | | | वडा अध्यक्ष | किर्तिपुर न.पा | १ |
| १५ | | | वडा अध्यक्ष | किर्तिपुर न.पा | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | | | वडा अध्यक्ष | काठमाडौं महानगरपालिका | १६ |
| १७ | | नुवाकोट | वडा अध्यक्ष | ककनी गा.पा | २ |
| १८ | | मकवानपुर | वडा अध्यक्ष | हेटौडा उपमहानगरपालिका | १२ |
| १९ | गण्डकी | गोरखा | वडा अध्यक्ष | गोरखा न.पा | ५ |
| २० | | गुल्मी | वडा अध्यक्ष | मुसिकोट न.पा | १ |
| २१ | लुम्बिनी | रोल्पा | वडा अध्यक्ष | रुन्टिगढी गा.पा | ४ |
| २२ | | बर्दिया | वडा अध्यक्ष | ठाकुरबाबा न.पा | ४ |
| २३ | | दैलेख | अध्यक्ष | महाबु गा.पा | – |
| २४ | | | वडा अध्यक्ष | दुल्लु न.पा | १३ |
| २५ | | कालिकोट | वडा अध्यक्ष | तिलागुफा न.पा | ४ |
| २६ | कर्णाली | जाजरकोट | उपप्रमुख | नलगाड न.पा | – |
| २७ | | | वडा अध्यक्ष | कुशे गा.पा | ७ |
| २८ | | डोल्पा | वडा अध्यक्ष | त्रिपुरासुन्दरी न.पा | ५ |
| २९ | | रुकुम पश्चिम | वडा अध्यक्ष | सानीभेरी गा.पा | ५ |
| ३० | | बाजुरा | उपाध्यक्ष | स्वामीकार्तिक खापर गा.पा | – |
| ३१ | | बझाङ | वडा अध्यक्ष | सुर्मा गा.पा | ४ |
| ३२ | सुदुरपश्चिम | डोटी | वडा अध्यक्ष | पुर्वाचौकी गा.पा | ६ |
| ३३ | | दार्चुला | वडा अध्यक्ष | दुहुँ गा.पा | ५ |
| ३४ | | कंचनपुर | वडा अध्यक्ष | भिमदत्त न.पा | ६ |